# प्रेस विज्ञप्ति

## चैत्र ८, २०८२

## Global Money Week-2026 को अवसरमा एन आई सी एशिया क्यापिटलले मुद्रा बजार तथा पूँजी बजार साक्षरता सम्बन्धी कार्यक्रम सिन्धुपाल्चोकमा सम्पन्न गरेको छ ।




एन आइ सी एशिया क्यापिटल लिमिटेडले आफ्नो स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । सोही कार्यलाई निरन्तरता दिने क्रममा Global Money Week-2026 को अवसरमा मेलम्ची भ्याली क्याम्पस, सिन्धुपाल्चोकमा मुद्रा बजार तथा पूँजी बजार साक्षरता तथा अन्तरकृया कार्यक्रम मिति २०८२ साल चैत्र ६ गते शुक्रबारका दिन सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ्ग अधिकृत श्री दामोदर रायमाझीज्यूले Global Money Week-2026 को मुख्य Theme "Smart Money Talks" मा आधारित भएर विद्यार्थी जिवनकालमा समेत पैसा के कसरी बचत गर्न सकिन्छ र उक्त बचत गरेको स-सानो पैसा कहाँ कसरी सरल रुपमा लगानी गर्न सकिन्छ भन्ने सम्बन्धमा विस्तृत जानकारी गराउनु भएको थियो । साथै उहाँले बैंक तथा डिम्याट खाता कसरी खोल्ने, प्राथमिक शेयर, धितोपत्रको दोश्रो बजार, मुद्रा बजार उपकरणहरु, सामूहिक लगानी कोष, एस आई पी, दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गर्ने सम्बन्धी निर्णय लिँदा विशेष ध्यान दिनुपर्ने कुराहरु लगायत समग्र मुद्रा बजार तथा पूँजी बजारको पछिल्लो अवस्थाको सम्बन्धमा विस्तृत जानकारी गराई सोही सम्बन्धमा छलफल गरिएको थियो ।

सोही कार्यक्रममा श्री दामोदर रायमाझीज्यूले AML/CFT भनेको के हो र कारोबार गर्दा ध्यान दिनुपर्ने विविध पक्षको सम्बन्धमा समेत जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रम अन्तर्गत अन्त्यमा सहभागि विद्यार्थीहरु तथा शिक्षकज्यूहरुको सहभागितमा मुद्रा बजार उपकरण तथा पूँजी बजारको सम्बन्धमा विस्तृत छलफल तथा अन्तरकृया गरिएको थियो । उक्त कार्यक्रममा २२० जना भन्दा बढी युवा विद्यार्थी, शिक्षक लगायत अन्य क्याम्पसमा कार्यरत कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

मेरो लगानी, मेरो भविष्य